नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
०८७-५२०१८०
daojumla@gmail.com

हाल विश्व समुदाय नोबेल कोराना भाईरसवाट कोभिड-१९ वाट प्रताडित भैईरहेको छ। लाखौ मानिसले ज्यान गुमाईसकेका छन् भने दिन प्रतिदिन हजार मानिसहरुले मृत्युवरण गरिरहेका छन। कोभिड-१९ को दोस्रो लहर अति तिव्र सक्रमाक र घातकतावाट मानिसहरु बढी प्रभावित भईरहेका छन। यस भाईरस विरुद्ध लड्न सबै निकाय, संस्था र नागरिकहरुको साझा बुझाई र संयुक्त प्रयासवाट मात्र संभव देखिन्छ ।पहिलो चरणमा जुम्ला जिल्लामा कोभिड १९ विरुद्ध सबै सरोकारवालको साझा प्रत्यनवाट हामीले यस जिल्लाका कुनै पनि नागरिकले ज्यान गुमाउन परेन । दोस्रो लहरवाट आम जनसमुदायलाई संक्रमण र त्यसको घातकतावाट हुने मृत्यवाट वचाउन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र सबै स्थानीय तह र सबै सरोकारवालासँग समन्वयात्मक रुपमा कोरोना रोकथाम र नियन्त्रण गर्न संवेदनशिल ढंगले परिचालित भएको कुरा जिल्लावासीलाई सर्वविदितै छ।

नँया भेरियन्टसहितको कोभिड महामारी रोकथाम,नियन्त्रण र प्रतिकार्यमा हामी सबैले आ-आफ्नो स्थानवाट एकतावद्ध भएर लाग्नुपर्ने बेला भएको छ। नागरिकको जीवन रक्षार्थ नेपाल सरकारले विभिन्न जिल्लामा निषेधाज्ञा जारी गरिएको छ ।यो निषेधाज्ञाको समयममा स्थानीय सरकारहरुले पनि जनताको जिउधन सुरक्षा गर्न अस्थायी कोभिड अस्पताल तथा आईसोलेशन सेन्टर संचालन गरिहेका छन् ।कोभिड १९ संक्रमणको विशेष परिस्थतिमा नागरिकहरुको स्वास्थ्य तथा सुरक्षार्थ स्थानीय तहलगायत विभिन्न सरकारी तथा गैसरकारी संस्था समुहले गरेका कामकारवाहीको जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्रले अनुगमन अवलोकन गर्दै आईरहेको छ। निषेधाज्ञा अवधिभर नागरिकहरुमा देखिएको समस्या बुझ्न र सो समस्या समाधानका गर्न गराउन जिम्मेवार निकायलाई निर्देशन दिन तथा सरोकारवालाई सुझाव दिन जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायले नियमित अनुगमन तथा अवलोकन गरिरहने कुरा जानकारी गराउदछौ ।

कोराना महामारीको यस विषम परिस्थितिमा कोही कसैले भ्रम सृजना गर्ने ,अफवाह फैलाउने ,नागरिकको जिम्मेवारी पुरा गर्नुको साटो गलत व्याख्या र समुदायलाई अन्यौल सिर्जना गर्ने काममा नगर्न नगराउन हुन अनुरोध गर्दछौ। जिल्ला स्थित वुद्धिजिवि, पत्रकार, नागरिक समाज र सम्पूर्ण जिल्लावासी आमा बुवा दाजुभाई दिदी वहिनीहरुलाई कोरोना महामारीको उच्च संक्रमणवाट बच्न जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड तथा जिल्ला प्रशासन कार्यालय जुम्लावाट समय समयमा जारी भएका आदेशलाई परिपालना गर्न हुन हार्दिक अपिल गर्दछौ।

मिति : २०७८।२।१४

नन्दराम चौलागाई
सूचना अधिकारी / सहायक प्रमुख जिल्ला अधिकारी

२०७८।२।१४
सहायक प्रमुख जिल्ला अधिकारी